स्थानीय 'क' वर्गको
# झुलेनी पोष्ट
www.jhulenipost.com
वर्ष ११ , अंक १४, २०८१ कात्तिक १३ मंगलवार (Jhuleni Post Weekly 29 Oct. 2024) पृष्ठ ८, मुल्य रु. २०
साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, विजुवार
Email :
jhulenipyuthan@gmail.com

## लुम्बिनी सरकारका लागि देउखुरीमा बन्दैछन् सिहंदरबार



**झुलेनी पोष्ट**
प्यूठान

लुम्बिनी सरकारका आधुनिक प्रशासनिक भवनको ६५ प्रतिशत काम सकिएको छ । राजधानी गुरूयोजनामा २ सय बिघा रहने उल्लेख भएपनि अहिले १६ बिगाहा क्षेत्रफलभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १० वटा प्रशासनिक भवन निर्माण धमाधम निर्माण हुँदैछन् ।

प्रदेश सरकारले तयार पारेको गुरुयोजनामा अर्घाखाँचीको सातमारा, दाङको भालुवाङ, लालमटियादेखि मौरीघाटसम्मको राप्ती नदीलाई आधार बनाएर त्यसको उत्तरदक्षिणतर्फको झण्डै २ सय बिघा क्षेत्रफलमा लुम्बिनी प्रदेशको स्थायी राजधानी निर्माण गरिने उल्लेख छ । अस्थायी राजधानी बुटवलबाट दाङको राप्ती उपत्यका देउखुरीमा स्थायी राजधानी बनेर सरेपछि प्रदेश सरकारले गौरवको आयोजनामा ३ अर्ब ९ करोड रूपैयाँ बराबरको लागतमा लिफ्टसहितका भवन बन्दैछन् । २०७९ मंसिर २८ गते सम्झौता भई पुस १८ गतेबाट काम सुरू गरेको शर्मा-सुगन जेभी कम्पनीले आगामी २०८२ साल पुस १७ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता छ । 'अहिलेसम्म ६५ प्रतिशत भौतिक प्रगति भैसकेको छ । यही गतिमा प्रशासनिक संरचनाको काम अगाडि बढ्यो र सरकारले समयमै रकम भुक्तानी गरेमा सम्झौता अगाडि नै भवन सम्पन्न हुन्छन्,' प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइका इन्जिनियर एवं सूचना अधिकारी प्रदीप भट्टराईले भने, 'लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका यी भवन सबै मन्त्रालय एउटै डिजाइनमा निर्माण भइरहेका छन् । निर्माणको पूरा काम सकेर हस्तान्तरण गर्दा नमुना र आधुनिक भवन हुनेछन् ।'

अहिले भवन बन्दै गरेको राप्ती शिक्षालयको जग्गामा नयाँ भवन बनाउन करिब ४ सय रूख काटिएका थिए । शिक्षालयको भवनमा हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ मध्ये ९ वटा मन्त्रालय, लुम्बिनी प्रदेशसभा लगायतका कार्यालय

बाँकी ६ पेजमा...

## अलैँचीको बजारीकरणमा समस्या



**शशिधर भण्डारी**
प्यूठान

महँगोमा विक्री हुने अलैँचीलाई खोल्साको सुनको परिचय पाएपनि प्यूठानमा किसानले उत्पादन गरेको अलैचिको बजारीकरणमा समस्या देखिएको छ । जिल्लामा अलैँची किसानले उत्पादन बढाउँदै लगेपनि उचित मूल्य पाउन सकेको छैन । उत्पादन गरेर राखेको अलैँचीको बजारीकरणमा समस्या भएपछि स्थानीय निनाश छन् ।

गौमुखी गाउँपालिका-४ बाग्लीवाङका किसान हरी सुनारले महँगोमा विक्री हुने खोल्साको सुन भनेर रोपेको अलैँचीले उचित मूल्य पाउन नसकेको गुनासो गरेका छन् । यस वर्ष १ सय किलोग्राम अलैँची उत्पादन गरेर घरमै थन्काउनु परेको उनले बताए । 'सुकाएर तयार पारेको छु, विक्री गर्न बाँकी छ', सुनारले भने,'स्थानीय बजार बुझ्दा १ हजार ५ सय पनि नपर्ने देखिँदा दुःख लागेको छ ।' गत वर्ष १ हजार १ सय प्रति के.जि.मै विक्री गर्नु परेको थियो ।

शितलहर, खडेरी, आगो जस्ता प्रकोपबाट जेनतेन जोगाएर उत्पादन गरेको अलैँचीको बजारीकरणमा समस्या झेल्दै आएको नौबहिनी गाउँपालिका-१ स्याउँलीवाङका किसान छविलाल घर्तिमगरले बताए । 'भौगोलिक विकटता र बजार अभावमा अलैँची किसान समस्यामा पर्‍यौं,' घर्तिमगरले भने,'धेरै मिहेनत गरेर हुर्काएका केही बोट मर्ने, बचेका बोटबाट भएको उत्पादनले मूल्य नपाउदाँ समस्या थपियो ।' बजारीकरणमा सरकारी निकायबाट उचित पहल हुनुपर्ने उनको माग छ ।

जिल्लामा उत्पादन कम हुँदा बजारीकरणमा समस्या देखिएको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानका

बाँकी ६ पेजमा...

### हाम्रो नजर

## स्याउलिवाङमा सर्वपक्षीय छलफल



नागरिकका सरोकारका विषयमा नौबहिनी गाउँपालिका १ स्याउँलिबाङ्गमा सर्वपक्षीय छलफल भएको छ । जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र स्थानीयको उपस्थितिमा शनिवार विकासका पूर्वाधार, आवश्यकता र उत्पादनको विषयमा छलफल भएको नौबहिनी गाउँपालिकाका अध्यक्ष दिल बहादुर थापाले बताए ।

छलफलमा स्याउँलिवाङ्गमा नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइन विस्तारमा भएको ढिलासुस्ती, नेपाल टेलिकमको टावरमा भएको ब्याट्री ब्याक-अपको समस्या, सडक विस्तार तथा स्तरोन्नती, खाद्य बस्तुहरूको चेकजाँच, स्थानीय उत्पादित बस्तुको बजारीकरण, दुर्घटना न्यूनीकरण, स्याउलीबाङमा अस्थायी प्रहरी बिट निर्माण र बाग्दुला-बहाने हुँदै स्याउलिवाङ्गको यातायात भाडा दर समायोजन लगायतका विषयहरु समावेश भएका थिए ।

कार्यक्रममै जिल्ला प्रशासन कार्यालयले अपाङ्ग, विपन्न तथा गरिब ५० घरपरिवारलाई राहत स्वरूप १-१ थान कम्मल वितरण गरेको थियो । त्यस्तै नौबहिनी गाउँपालिकाले वडाका ७५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई १-१ थान छाता र लठ्ठी वितरण गरेको छ । सोही कार्यक्रमको क्रममै लागू औषध नियन्त्रणको विषयमा पनि अन्तरक्रिया भएको थियो ।

नौबहिनी गाउँपालिकाका अध्यक्ष दिल बहादुर थापाको अध्यक्षता भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रमा आचार्य, जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी प्रमुख डीएसपी दिनेश बस्याल, सडक पूर्वाधार विकास कार्यालयका निमित्त कार्यालय प्रमुख चन्द्र बहादुर शाह, विद्युत् प्राधिकरण प्यूठान वितरण केन्द्रका सब-इन्जिनियर प्रज्वल हुमागाईं, नागरिक समाजका प्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका नेता, स्थानीय बुद्धिजीवी लगायतको सहभागिता थियो ।

## जनहितमा जारी

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको ,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको ,
- खेतियोग्य जमिनमा सिँचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**

- जलाधार क्षेत्रको संरक्षण गरौं ,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं ,
- शहरी क्षेत्रमा वर्षातको पानीमार्फत पुनर्भरणको विकल्प सहितका पूर्वधार निर्माण गरौं ,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोटविरुवा रोपौं ,
- द्रुत जल प्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं । दिगो विकासमा योगदान गरौं ।

जलश्रोत तथा सिंचाई डिभिजन कार्यालय ,प्यूठान

झुलेनी पोष्ट

सम्पादकीय....

# तिहारलाई मितव्ययि बनाऔं

पाँच दिनसम्म मनाइने यमपञ्चक अर्थात तिहार नजिकिदै छ। हिन्दु शास्त्रअनुसार यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्यग्रहण गरेको यमपञ्चक दिदि बहिनीको हातबाट दाजुभाईले टिका लगाउनुपुर्व पाँच दिनसम्म बिभिन्न पूजाआजा गर्ने गरिन्छ।

तिहारको पहिलो दिन भगवान धन्वन्तरीको जन्म भएको विश्वासका साथ यस दिनलाई धन्वन्तरी जयन्ती पनि भनिन्छ। यमपञ्चकमा क्रमशः काग, कुकुर, गाई, लक्ष्मी, गोवर्धन पर्वत पछि भाइ पूजा गर्ने चलन छ। सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई यो तिथि मनाएको, यमराजले बहिनी यमुनालाई जे मन लाग्छ वर माग भन्दा यमुनाले हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनु पर्ने, साथै दिदीभाइ र दाजुबहिनीको प्रेम सदा अटल रहोस् साथै दाजुभाईको आयू, कीर्ति सदा वृद्धि होस् भन्ने वरदान मागेको र यमराजले पनि तथास्तु भन्दै वरदान दिई आफ्नी बहिनीसँग बिदा भई गएको विश्वासस्वरुप परापूर्वकालदेखि यमपञ्चकका ५ दिनसम्म विभिन्न पूजाआजाका साथै देउसी भैलो खेल्ने र आशिर्वाद दिने एवं दक्षिणा थाप्ने प्रचलन छ।

तिहारले एकातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई प्रगाढ बनाउछ भने अर्कोतर्फ मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गदर्छ। पारिवारीक स्नेह, प्रेम, सम्मान साथै देउँसि भैलोको कारण सामाजिक सम्बन्ध समेत यो पर्वले प्रगाढ बनाउँदै गएको छ। सो क्रममा संकलित रकमले कतिपय ठाउँमा विद्यालय,चौतारी, पार्टी-पौवा लगायतका क्षेत्रमा कार्य गरेर उदाहरणीय कर्म गरेको पाईन्छ।

बहुजातिय, बहुभाषिक तथा बहुधार्मिक हाम्रो समाजमा तिहार सबै समुदायले साझा पर्वको रुपमा मनाउनु पर्दछ। साथै तिहारको अवसरमा खेलिने देउसि भैलो आर्थिक हैसियतको प्रदर्शन गर्ने प्रतिष्पर्धास्थल नबनाएर केवल सांस्कृतिक पर्वको रुपमा मनाउनु आवश्यक छ। देउँसि भैलोको समयमा दानस्वरुप चलाईने आर्थिक प्रतिष्पर्धाले कमजोर आर्थिक अवस्था भएका समुदायका सदस्यहरुमा निरासा र ग्लानि उत्पन्न भई सामाजिक सद्भाव र एकतामा ठेँस पुग्ने गर्दछ।

आर्थिक संकलन कार्य गर्नुपर्ने विषयहरु भए पनि अन्य सन्दर्भमा अभियान सञ्चालन गरेर गर्ने तर, चाडपर्वमा सवैले आत्मसम्मान महसुस गर्नेगरी मितव्ययि रुपमा मनाउन सक्नुपर्छ। हाम्रो सामाजिक एकता, पारस्पारिक सम्बन्ध र ऐतिहासिक मूल्यमा सकारात्मक प्रभाव देखाउन तर्फ सबै लाग्नुपर्छ। चाडपर्व सबैका साझा हुन र यि पर्वहरु सबैको समान पहुँचमा हुनुपर्दछ भन्ने भावनाका साथ मितव्ययीता र पारस्पारिक सम्बन्धका साथ तिहार मनाऔं। सबैलाई तिहारको शुभकामना।

# कुशासनको दलदलमा देश हुनु कर्मचारी दोषि हो ?

**देश झन् पछि झन् कुशासनको दलदलमा पर्नुको प्रमुख कारण कर्मचारीयन्त्र हो जो आफ्नो निहित स्वार्थका निम्ति कानूननिर्दिष्ट जिम्मेवारी र लोक लाजसमेत भुलेर नेताहरूको चाकरीमा लिप्त छ। अनि नेताहरुले तिनै कर्मचारीलाई हतियार बनाएर सबथोक गरिरहेछन्।**



एसराज उपाध्याय

अहिले सिंहदरवारका बैठक कक्षदेखि दूरदेहातका चिया दोकानसम्म सुनिने एउटै कुरा छ- देशमा भ्रष्टाचार र कुशासन अचाक्ली बढ्यो। यसको कारण के त ? प्रमुख कारण मुलुकको स्थायी सरकार भनिने कर्मचारीयन्त्रमा पुगेर ठोकिन्छ। धेरैले राजनीतिज्ञहरूलाई, अर्थात् नेतालाई यसको दोष दिन्छन्। तर गहिरिएर नियाल्ने हो भने कुशासनको खास जरा त्यहाँभन्दा ज्यादा कर्मचारीयन्त्रमा गडेको देखिन्छ।

योग्यताका आधारमा निजामती सेवामा भर्ना भएका कर्मचारीहरू व्यक्तिगत स्वार्थका कारण राजनीतिज्ञहरूको चाकरीमा लाग्ने प्रवृत्तिका कारण देशको सार्वजनिक प्रशासनमा कुशासनले जरा गाड्न पुगेको हो। यसले गर्दा नागरिकलाई दिने सेवा प्रभावित हुनुका साथै देशको विकासमा नै ठुलो अवरोध पुगेको छ।

राजनीतिक नेतृत्वले जतिसुकै सुधारका नारा अघि सारे पनि ती केबल शब्दमै सीमित भइरहेका छन्। जुनसुकै दलको सरकार बनोस्, सफलता प्राप्त गर्न सकेका छैनन्। किनभने स्थायी सरकारसमेत भनिने कर्मचारीलाई सुधार्ने भन्दा आफू अनुकूल काम गर्ने स्वार्थमा संरक्षण गरेर राख्ने र तिनीहरूबाटै आफ्ना अभीष्ट पुरा गर्ने राजनीतिज्ञहरूको कुतसित मनस्थितिले यो रोग झन् झन् मौलाउँदो छ।

**चाकरी प्रथाको विस्तार, कुशासनको बढोत्तरी**

नेपालको कर्मचारीयन्त्रमा चाकरी प्रथाले गहिरोसँग जरा गाडेको छ। योग्य कर्मचारीहरू जो कानुनी रूपमा नागरिकलाई सहज र सर्वसुलभ सेवा दिने जिम्मेवारीमा छन्, उनीहरू नै व्यक्तिगत फाइदाका निम्ति राजनीतिज्ञहरूको ढोका चहार्न थालेका छन्। यो प्रवृत्तिले गर्दा उच्च पदमा पुग्न चाहने कर्मचारीहरूले चाकरी गर्नैपर्ने अवस्था सिर्जना भएको छ। चाकरी नगरी उच्च पदमा पुग्न नसक्ने वातावरण बन्दै जाँदा कर्मचारीयन्त्रमा कुशासन मौलाउन थालेको हो।

उच्चपदस्थ कर्मचारीहरू अवसरको खोजीमा शक्तिशाली व्यक्तिहरू र नेताहरूको चाकरी गर्न थालेपछि तिनीहरूले सार्वजनिक प्रशासनमा हालीमुहाली गर्न थालेका छन्। अरू कर्मचारीहरूले पनि त्यही सिको गरे, जसले गर्दा चाकरी नगरी ठुला भनिएका तथा नेतृत्वदायी पदमा पुग्न नसक्ने अवस्था सिर्जना भयो। यसरी राजनीतिक कृपामा पदमा पुगेका वा लाभका अवसर पाएका कर्मचारीहरूले नागरिकको सेवातर्फ ध्यान दिनुको साटो आफूलाई पदमा पुऱ्याउने व्यक्तिहरूलाई खुशी पार्नमा मात्र ध्यान दिन थाले। राजनीतिज्ञ र कर्मचारीसँग साँठगाँठ गर्ने 'बिचौलिया'हरुका लागि बढी काम गर्दै गए। यसैका नाममा आफ्नो सात पुस्तालाई पुग्ने गरी अकुत कमाउँदै गएपछि कर्मचारीयन्त्र नै बदनाम बन्दै गयो। यसले गर्दा आम नागरिकको सेवामा त असर पऱ्यो नै, सार्वजनिक प्रशासनको विश्वसनीयता पनि खस्किँदै गयो।

**सार्वजनिक सेवामा आएको पतन**

सार्वजनिक सेवाको गुणस्तर दिनप्रतिदिन खस्कँदो छ। सेवाग्राहीहरू कार्यालयहरूमा काम गराउन जाँदा समयमै काम हुँदैन, उल्टै अतिरिक्त रकम असुलिन्छ। यो प्रथा कुशासनकै एउटा अभिन्न अंग बनेको छ, जसले गर्दा नागरिकमा असन्तुष्टि बढेको छ। कर्मचारीहरूका यस्ता गतिविधिहरूका कारण सेवा प्रवाहको गुणस्तर खस्किएको हो।

कर्मचारीहरूले समयमा काम नगर्नुका पछाडि 'बिचौलिया'हरूसँगको चलखेल तथा साँठगाँठ पनि जोडिएको छ। सामान्य सेवाका लागि सेवाग्राहीहरू सीधै गएर काम गराउन नसक्दा उनीहरूले 'बिचौलिया'को सहारामा काम गर्नुपरेको छ। 'बिचौलिया' हरूको माध्यमबाट अतिरिक्त असुल्न पाइने भएपछि कर्मचारीहरूले नागरिकको प्रत्यक्ष सेवामा भन्दा 'बिचौलिया' को माध्यमबाट काम गर्नमै बढी ध्यान दिन थालेका छन्।

यो स्थिति केवल कार्यालयमा मात्र सीमित छैन, फोनमा समेत सेवाग्राहीहरूको कुरा नसुन्ने प्रवृत्ति मौलाएको छ। नागरिकले तिर्ने करबाट तलब लिने कर्मचारीहरूले नागरिककै सेवामा इमान्दारीपूर्वक लाग्नुपर्ने हो, तर उनीहरू निजी स्वार्थका लागि केवल नेताहरूलाई खुसी पार्ने र आफूलाई फाइदा हुने काममा लागिरहेका छन्। शक्तिकेन्द्रहरूको इसारा कुरेर बस्न थालेपछि नागरिक स्तरमा असन्तुष्टि झन् झन् बढ्दो छ, सेवामा विभेद सिर्जना गरिरहेको छ। जसका कारण स्थायी सरकारसमेत भनिने सिंगो कर्मचारीयन्त्र नै बदनामित हुँदै गइरहेको छ तर यसलाई घटाउने ठोस प्रयास भने कहीँ कतैबाट भएको देखिँदैन।

**कर्मचारीयन्त्रमा फुट र विभाजन**

यो अवस्थाले अहिले कर्मचारीहरूकै बीचमा स्पष्ट विभाजन देख्न थालिएको छ। सबै कर्मचारीलाई एकै प्रकारले दोष दिनु उचित नहोला, तर यो विभाजनले नै कुशासनको जरा खुल्न मद्दत पुऱ्याउँछ। केही प्रतिशत कर्मचारीहरू अझै पनि आफ्नो काम इमान्दारीपूर्वक गरिरहेका छन्, तर तिनीहरूको संख्या धेरै कम छ। उनीहरू कानुनी रूपमा काम गर्छन् र नागरिकको सेवामा प्रतिबद्ध पनि छन्। उनीहरू कुशासनको चक्रमा फस्न नचाहने असल कर्मचारीहरू हुन्, जसले गर्दा केही मात्रामा भए पनि सेवा प्रवाह भइरहेको छ। र, शाख जोगिएको छ।

तर कुशासनको जरा गाड्ने कर्मचारीहरूको समूह ठुलो छ। पछिल्लो समय नेताहरूका इमान्दार भक्त बन्ने कर्मचारीहरूको संख्या बढ्दो छ। उनीहरू केवल नेताको आदेशमा काम गर्छन् र कुनै पनि कानुनी वा नैतिक जिम्मेवारी महसुस गर्दैनन्। उनीहरूले सत्ताको नजिक रहनु नै आफ्नो प्रमुख उद्देश्य मानेका छन्, जसले गर्दा भ्रष्टाचार र कुशासन अझै गहिरिएको छ।

यस्तै, अर्को ठूलो समूहका कर्मचारीहरू लोभ र त्रासको छायामा बाँचिरहेका छन्। यिनीहरू ट्रेड युनियनहरूमा आबद्ध भएर काम गर्छन्, तर उनीहरूको उद्देश्य नागरिकको सेवा गर्नु होइन, आफ्नो व्यक्तिगत फाइदा सुरक्षित गर्नु हो। उनीहरूले बाहिर हेर्दा कर्मचारीहरूको अधिकारका लागि लडेको देखिन्छ, तर भित्रभित्रै उनीहरू आफ्ना निकटस्थहरूका लागि, अझ भनौं- अमुक पार्टीका लागि मात्र काम गर्छन्। र, केही हदसम्म आफ्नो संगठनमा आबद्ध

बाँकी ४ पेजमा...


# नियमित रूपमा आँखाको जाँच गराऔं

**आँखा सम्बन्धी समस्या भएका आँखाका बिरामीहरूले बेलैमा आँखाको परीक्षण गराऔं। साथै सबैले समय समयमा आफ्नो आँखाको जाँच गराई आँखाको समस्याबाट बचौं।**






**स्थानीय तहहरूसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरूको निःशुल्क आँखा परीक्षण समेत गरिरहेकोले ज्येष्ठ नागरिकहरूले आफ्नो नागरिकताको फोटोकपी लिएर निःशुल्क रूपमा सेवा लिन नभुलौं। आँखा धमिलो देखिने र मोतीविन्दु भएका बिरामीहरूले चेक जाँच गरेर विभिन्न समयमा हुने शिविरमा शल्यक्रिया सेवा पनि प्रदान गरिनेछ।**

लक्ष्मी मल्ल ठकुरी
प्रमुख

आँखा उपचार केन्द्र एवं प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल बिजुवार, प्यूठान

# मारुनि नाच



मारुनी नाथ प्यूठान जिल्लाको एक महत्वपूर्ण अमूर्त सांस्कृतिक सम्पदा हो । प्यूठान जिल्लाका नौबहिनी, माण्डवी, सरुमारानी, ऐरावती र स्वर्गद्वारी क्षेत्रमा यो विशेष लोकप्रिय रहेको छ । यो मगर समुदायको परम्परागत लोक नृत्य हो । यद्यपि यस नृत्यमा यस जिल्लाका अन्य समुदायको पनि सहभागिता रहने गरेको छ। महिलाको वस्त्र आभूषणले सिंगारिएको पुरुष नर्तकलाई मारुनी भनिन्छ । यस्तो मारुनी मुख्य पात्र भएर नाचिने नाच नै मारुनी हो । मादल बजाउने मदलेहरू तथा पुरुष भेषमा सजिएको पुरुष नृत्य पात्र पुरुसुङ्गेका साथमा रामायण, महाभारत तथा पुराणका गाथाहरुमा आधारित गीतहरूमा यो नृत्य प्रस्तुत गरिन्छ । नाचको आरम्भ संचालन र अन्त्यमा नाचका गुरुको विशेष भूमिका रहन्छ। विशेष अनुष्ठानका साथमा सम्पन्न गरिनु थो नृत्यको विशेषता रहेको छ।

तिहारको अवसरमा विधिपूर्वक आरम्भ गरिएको यो नृत्य तिहार पछिका रामहरूमा नाचेर माघ महिनाभित्रमा विधिपूर्वक समापन गरिन्छ। समापन पछि अर्को वर्षसम्मको लागि यो नृत्य गर्न नमिल्ने विश्वास रहेको छ। नृत्यका प्रमुख पात्रहरूमा दुई जना मदले, एक पुर्सुङ्गे र मारुनी रहन्छन्। नृत्य गुरु (गुरुमुखे) ले गीत गाउँछन्। उनकै गीतको तालमा मदलेहरूले मादल बजाउँछन् । यस्तो बाजा र गीतको प्रसङ्ग अनुसार मारुनीले कहिले मादल बजाउनेसँग र कहिले पुर्सुङ्गेसँग प्रेमको अभिनय गर्दै नाच्ने गर्दछन्। त्यसैले यी चार वटै पात्रहरूले अभिनय र नृत्य साथसाथै गरिरहेका हुन्छन् । समग्र नृत्य अवधिमा समर बाँच्ने, समेरा, झुमरा, धमानी जस्ता गीतका प्रसङ्गहरू आउँछन् र यी फरक प्रसङ्गहरुमा फरक लय र तालहरूमा नृत्य गरिन्छ। सिंगारु फुकाउने (मारुनी विसर्जन) विधि सम्पन्न गरेपछि उक्त वर्षको मास्नी नाथको अन्त्य हुने गर्दछ। यस अवसरमा देवी देवताहरुको स्मरण गर्दै उनीहरुलाई साक्षी राखेर विधिपूर्वक मारुनीका बस्त्र तथा आभूषणहरू फुकाल्ने, वाद्यवादकहरूले आफना बाजाहरू भुईमा राख्ने र वर्षदिनका लागि देवी देवताहरूसँग विदा मागेर नाच समापन गरिन्छ । यसपछि यो नाचमा बजाइने बाजा बजाउन नहुने विश्वास रहेको छ । यसरी धार्मिक आस्था जोडिएको, परम्परागत् वस्त्र, आभूषण, र पात्रहरू रहने यो नृत्य एक महत्वपूर्ण सम्पदाको रूपमा प्यूठानमा अभ्यासमा रहेको देखिन्छ।

भाषा सिकौं
कोरिया तथा जापान जाऔं
● नेपालका सर्वोउत्कृस्टक प्रशिक्षकद्धारा कोरियन तथा जापानिज भाषा प्रशिक्षण गराइने ,
● एकपटक भर्ना भएपछि इग्जामको डेटसम्म पढ्न मील्ने ,
● सम्पुर्ण बुक मिनीङ बुक र पिडिएफ पाइल उपलव्ध गराईने ,
बिजुवार भौकाको लागि सम्पर्क
९८६९१३८०७९
बाग्दुलाको लागि सम्पर्क
९८५७०७९८६०
द बेस्ट एजुकेशन फाउन्डेशन
प्यूठान न.पा.८ बाग्दुला प्यूठान

जनहितमा जारी सन्देश
● फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि सावुन पानीले हात धुने बानी बसालौं।
● व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं।
● दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौ खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं।
● कुहिने र नकुहिने फोहोर वर्गीकरण गरौं,र दुई छुट्टाछुट्टै भाँडामा संकलन गरौं।
● सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारका फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं।
अनुरोधक :
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

मल्लरानी ट्रेडर्स एण्ड सप्लायर्स
प्रो. बिपिन श्रेष्ठ
राम के सी
प्यूठान न.पा ४ जाल्पादेवी रोड जुम्री, प्यूठान
९८५७८३३७६२
९८४७८७४५२४
हामी कहाँ सिमेन्ट, सरिया, ईटा, जस्ता पाता तथा हार्डवेयर सम्बन्धी सम्पुर्ण सामानहरु पाउनुका साथै घर निर्माणका सामग्रीहरु सुपथ मुल्यमा पाइन्छ ।



# बेमौसमी प्याज खेती कसरी गर्ने ?

*प्याज लगाई सकेपछि आवश्यकताअनुसार सिंचाई गर्दै राख्नु पर्दछ । प्याज रोपेको केही समय पछि वा प्याजको गाना बुढी औंला जत्रो भएपछि प्याजको जमिन माथिको भाग वा पात निमोठेर लठ्ठी वा खुट्टाको सहायताले थिचीदिने । थिचेको ५-७ दिनमा प्याज पहेंलो सुकेजस्तो देखिन्छ ।*

**परिचय** :प्याज मसाला बालीका रुपमा, सलाद खान, हरियो साग खान, अच खान प्रयोग हुने हिउँदे तरकारी बाली हो । यसमा स्टार्च, प्रोटान, भिटामिन सी आदि पोषक तत्वहरु पाईन्छ । प्याजलाई औषधीको रुपमा पनि प्रयोग गरी यसबाट दम, बाथ निको हुनुका साथै पाचन प्रकृया पनि सहयोग गर्दछ ।

**हावापानी** :

प्याजलाई समुन्द्री सतहबाट उच्च पहाडसम्म सफलतापूर्वक उत्पादन गर्न सकिन्छ । यसलाई वनस्पति वृद्धी ( बोट बढ्न ) हुन ठण्डा वातावरण र गानो बन्न अलि न्यानो वातावरण आवश्यक पर्दछ । यो बा हिउँदमा ( पुष-माघ ) जमिन माथिको भाग बढ्दछ भने जब फागुन लाग्दा र न्यानो वातावरण पाउँछ तब गानोको विकास भई गानो बढ्न थाल्दछ । यो बालीलाई १८-२२ तापक्रम राम्रो मानिन्छ ।

**माटो** :

प्याजलाई प्रशस्त प्राङ्गारिक पदार्थ भएको दोमट खुकुलो माटो राम्रो हुन्छ । साथै पानी नजम्ने, सिंचाईको सुविधा भएको एज् मान ५.८- ६.५ सम्मको माटो सबैभन्दा राम्रो मानिन्छ ।

**जातहरु** :

एन-५३, रेड क्रिबल, पुसा रेड आदि । एन-५३ सबैभन्दा राम्रो हुन्छ )

**बिउदर** :

सेट (सानो गानो) ८०-१०के.जी. प्रति रोपनी ।

**बाली लगाउने समय** :

सेट (गानो) रोप्न श्रावणको अन्त्यदेखि भाद्रको अन्त्यसम्म बषोट समाप्त भईसकेपछि राम्रो हुन्छ । यदि वर्षाद नसिध्धीएरै अगा लगाउँदा ठूलो पानी परी बोट राम्रोसंग फैलिन पाउँदैन र रोगको प्रकोप बढी हुन्छ ।

बेमौसमी प्याज खेतीको लागि सेट उत्पादन **गर्ने तरिका** :



सेट भनेको सानो गानो नै हो । बेमौसमी प्याज खेती गर्न सेटबाट सजिलो र छिटो उत्पादन हुने हुनाले यो विधि बढी प्रभावकारी मानिन्छ । असोज देखि कार्तिक सम्म वा सधैंभैं प्याजको बिउ राख्ने समयमा बेर्ना उत्पादन गरी कार्तिक मंसीरतिर बेर्ना सार्न योग्य भएपछि वा सधैं भैं प्याज लगाउने मौसममा नै प्याज लगाउनु पर्दछ । यसरी प्याज लगाउँदा प्रशस्त प्राङ्गारिक मल ( ४५- डोको प्रति रोपनी रासायनिक मल आवश्यकता हेरी ) राखी निर्धारित दुरीमा (बोट-बोट १० लाईन -लाईन १५ से.मी.) लगाउने । प्याज लगाई सकेपछि आवश्यकताअनुसार सिंचाई गर्दै राख्नु पर्दछ । प्याज रोपेको केही समय पछि वा प्याजको गाना बुढी औंला जत्रो भएपछि प्याजको जमिन माथिको भाग वा पात निमोठेर लठ्ठी वा खुट्टाको सहायताले थिचीदिने । थिचेको ५-७ दिनमा प्याज पहेंलो सुकेजस्तो देखिन्छ ।

यो अवस्थामा बोटहरु उखेलेर माटो हटाई साना साना मुठा बनाउने र यि मुठाहरुलाई सूर्यको प्रकाश नपर्ने प्रसस्त हावाखेल्ने छाँयामा झुड्याएर राख्ने यो नै यसको प्याज सेट हो । यिनै सेटलाई श्रावणको अन्त्यदेखि भाद्रको अन्त्य वा वर्षादको अन्त्य पानी नजम्ने ठाँउ खुकुलो माटो भएको ठाउँमा ड्याङ बनाई मौसमी प्याज लगाउने तरिका, सोही दुरीमा सोही विधी अनुसार नै रोप्ने । २-२.५ महिना पछि ति साना सेट -गाना) बढेर ठूलो गाना बन्दछन् । यसरी गाना ठूलो भईसकेपछि उखेलेर बजारमा लगि बिक्री वितरण गर्ने ।यो समय भनेको दशैं तिहारको समय भएकोले प्याजको माग पनि बढी हुने र बजार भाउ (मूल्य) पनि राम्रो पाईने हुँदा बेमौसम प्याज खेतीबाट राम्रो आम्दानी लिन सकिन्छ । **उत्पादन** :अनुमानित ८००-१००० के.जी प्रतिरोपनी । लेखक ***गणेश प्रसाद रेग्मी***बेमौसमी तरकारी उत्पादन कार्यहरु प्रशिक्षक हुन् । हलोखवरबाट साभार

## कुशासन...........

सहकर्मीहरूका कुरा उठाउँछन् । यो प्रवृत्तिले गर्दा कुशासनलाई अझै टेवा दिएको छ । उनीहरूले नै यस्तो बनाई दिएका छन् कि कहीँ कतै सुविधा पाउनु पर्‍यो वा केही परिहाल्दा संरक्षणका लागि पनि कुनै न कुनै दल निकट ट्रेड युनियनसँग आबद्धता अनिवार्यता जस्तै छ ।

**राजनीति र कर्मचारीयन्त्रको साँठगाँठ**

कुशासनको कारण के कर्मचारीयन्त्र मात्र हो ? के दोषी कर्मचारी मात्र हुन् ? होइन, राजनीतिज्ञहरूको भूमिका पनि यसमा कम छैन । तर सत्य के हो भने राजनीतिज्ञहरूले कर्मचारीहरूलाई जबरजस्ती भ्रष्टाचार गर्न बाध्य बनाएका भने कदापी होइनन् । कर्मचारीहरूले नै आफ्नो व्यक्तिगत स्वार्थका लागि राजनीतिज्ञहरूसँग नाजायज साँठगाँठ गरेर काम गरिरहेका छन् । राजनीतिज्ञहरूले कर्मचारीतन्त्रमा अनावश्यक हस्तक्षेप गर्दा नागरिकको सेवामा प्रभाव परेको छ, तर कर्मचारीहरू आफैँले पनि कानुनी दायरामा रहन चाहेका छैनन् । उनीहरूले नै राजनीतिज्ञलाई चलखेल गर्न निम्त्याइरहेका छन् ।यसो भन्दैमा सबै राजनीतिज्ञ खराब पनि छैनन् । जसरी कर्मचारीयन्त्रमा केही प्रतिशतले सिंगो प्रणालीमाथि नै कब्जा जमाएको छ, त्यसैगरी राजनीतिमा पनि केही प्रतिशत खराब आचरणका व्यक्तिहरू सत्तामा पुगेका छन् । उनीहरू राजनीतिको आवरणमा अनेक थरी धन्दा चलाइरहेका छन् । त्यस्तै धन्दावालहरूको मतियार कर्मचारी बन्न पुग्दा घुसखोरी र अपराधले बढावा पाइरहेको छ ।

**समाधान के ?**

नेपालमा कुशासनको समस्यालाई समाधान गर्न विभिन्न उपायहरू अवलम्बन गर्न सकिन्छ । कर्मचारीयन्त्रको सुधार नगरी कुशासनको अन्त्य सम्भव छैन । कर्मचारीहरूले कानुनी रूपमा काम गर्नुपर्ने र आफ्नो जिम्मेवारीप्रति इमान्दार रहन सके कुशासन बिस्तारै कम हुँदै जान्छ । यसका लागि केही ठोस कदमहरू अघि बढाउनुपर्छ, जस्तैः

पारदर्शिता र जबाफदेहिता : कर्मचारीहरूले गर्ने निर्णय र काम पारदर्शी हुनु जरुरी छ । उनीहरूको कामको समयमै समीक्षा गर्नुपर्छ र उनीहरूले नागरिकको सेवा गर्न आफ्नो कर्तव्य बिर्सिनु हुँदैन ।कडा कानुनी कारबाहीको व्यवस्था : कुशासनमा संलग्न कर्मचारीहरूलाई कडा कानुनी कारबाहीको दायरामा ल्याउनु जरुरी छ । कुशासनलाई प्रोत्साहन गर्ने कुनै पनि गतिविधि रोक्नका लागि कडा सजायको व्यवस्था हुनुपर्छ । राजनीतिक खोल ओढेकै आधारमा बचाउ गर्न थालिएसँगै थप अराजकता बढेको घाम जत्तिकै छर्लङ्ग छ । राजनीतिक हस्तक्षेप घटाउने : कर्मचारीयन्त्रमा राजनीतिज्ञहरूको हस्तक्षेप कम गर्नुपर्छ । कर्मचारीहरूलाई कानुनी रूपमा काम गर्ने स्वतन्त्रता दिनु आवश्यक छ । यसले गर्दा उनीहरूले स्वच्छ, पारदर्शी र प्रभावकारी सेवा प्रदान गर्न सकुन् ।

आन्तरिक सुधार : कर्मचारीयन्त्रमा सुधारका लागि आन्तरिक व्यवस्थापन प्रणालीमा परिवर्तन ल्याउनुपर्छ । कर्मचारीहरूको तालीम, नैतिक मूल्यहरूको सुदृढीकरण र कार्यक्षमतामा सुधार गरिनुपर्छ ।

सार्थक मूल्याङ्कन प्रणाली : कर्मचारीहरूको कामको निष्पक्ष मूल्याङ्कन गर्नुपर्छ । इमान्दारीपूर्वक काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत र कुशासनमा संलग्न हुनेहरूलाई कडा कारबाहीको दायरामा ल्याउनुपर्छ । राजनीतिक इच्छाशक्ति र नैतिक जिम्मेवारी नेपालको कर्मचारीयन्त्रमा व्याप्त कुशासनको अन्त्य केवल सुधारका सन्देश मात्रले हुँदैन, न त राजनीतिक निर्देशनले । यसका लागि दुई प्रमुख घटकहरूले काम गर्नुपर्छ । एकातर्फ, राजनीतिक इच्छाशक्ति आवश्यक छ, जसले कुनै पनि सुधारलाई प्रभावकारी रूपमा अघि बढाउन सक्छ । अर्कोतर्फ, कर्मचारीहरूमा नैतिक जिम्मेवारीको चेतना जगाउनु पनि उत्तिकै महत्त्वपूर्ण छ । कुशासनको दलदलमा फसेको कर्मचारीयन्त्रलाई बाहिर निकाल्न र नागरिक सेवामा इमान्दारीपूर्वक लाग्न प्रेरित गर्नका लागि यसले नै प्रमुख भूमिका खेल्छ ।कर्मचारीहरूले राजनीतिज्ञहरूलाई आफ्नो स्वार्थ सिद्ध गर्न चाकरी गर्दा र 'बिचौलिया'हरूले काम गर्न मद्दत गर्दा यो प्रवृत्ति रोक्नको लागि कानुनी कारबाही मात्र पनि पर्याप्त नहुन सक्छ । यसका लागि नेताहरूले कर्मचारीयन्त्रमा सुधार गर्न र नागरिकको सेवामा लाग्न कर्मचारीहरूलाई प्रोत्साहित गर्न राजनीतिक इच्छाशक्ति देखाउनुपर्छ । साथै, कर्मचारीहरूले नागरिकको सेवामा इमान्दार र समर्पित भएर काम गर्नुपर्ने नैतिक दायित्वलाई आत्मसात् गर्नुपर्छ ।यो नैतिक दायित्व र राजनीतिक इच्छाशक्तिको समन्वय बिना कुशासनको अन्त्य गर्ने कुनै पनि प्रयास सफल हुन सक्दैन । नागरिकको सेवा गर्ने मनोभाव र राजनीतिक नेतृत्वको इमान्दार पहलले मात्र राष्ट्रको समृद्धिको मार्ग प्रशस्त गर्न सक्छ । नेपालमा कुशासनको समस्या राजनीतिक मात्र नभएर कर्मचारीयन्त्रको कमजोरीले बढोत्तरी हुँदै गएको घाम जतिकै छर्लङ्ग भई रहँदा योग्यताका आधारमा आएका कर्मचारीहरू व्यक्तिगत स्वार्थका लागि नेताहरूको चाकडी गर्न थालेपछि कुशासनले गहिरो जरा गाडेको हो । सेवाग्राहीहरूलाई प्रभावित पार्दै नागरिकको विश्वास गुमाउँदै गएको यो कुशासनलाई समाधान गर्न पारदर्शिता, जबाफदेहिता, कानुनी कारबाही र आन्तरिक सुधार नै प्रमुख समाधान हुन् । प्रशासन.कमबाट साभार

"ज्ञान , विज्ञान ,सिप ,उद्योग र मौलिकता : साझेदारी र प्रणालीगत सक्षमता "
हार्दिक शुभकामना
नेपालीहरूको महान चाड शुभ-दीपावली तथा छठ पर्व-२०८१ तथा नेपाल सम्वत् ११४५ को पावन अवसरमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना !!!
दुर्गा बहादुर खड्का
इकाइ प्रमुख
शिक्षा विकास तथा समन्वय इकाइ, प्यूठान

गाउँपालिकाबासीलाई अनुरोध
● चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
● चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
● संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पंक्षको संरक्षण गरौं ।
● सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
● चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।
अनुरोधक :
सरुमारानी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,बड्डाँडा, प्यूठान

बालबालिकालाई निमोनियाबाट बचाऔं
• बालबालिकालाई निमोनियाबाट जोगाऔं
• निमोनियाबाट बालबालिकालाई बचाउन, नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
• आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
• धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं । सरसफाईमा उचित ध्यान दिऔं ।
• सङ्क्रमण भएमा चिकित्सकसंग परामर्श गरौं ।
अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# टेलिकमका टावर सञ्चालन नहुँदा सास्ती



झुलेनी पोष्ट
प्यूठान

नेपाल टेलिकमका टावरहरू सञ्चालन नहुँदा स्थानीयले सास्ती बेहोर्नुपरेको छ । जिल्लामा निर्माण सम्पन्न भएका ४ वटा टावरहरू टेलिकमले सञ्चालनमा ल्याउन ढिलाइ गरेको छ ।

मल्लरानी गाउँपालिका .२ चुजा, झिमरुक गाउँपालिका ५ ओखरकोट, सरुमारानी गाउँपालिका ५ सौराकोट र प्यूठान नगरपालिका वडा नं. ६ माझकोटमा निर्माण भएका टावरहरू वर्षौंदेखि सञ्चालनमा आएका छैनन् । यसले गर्दा स्थानीय सञ्चार सुविधाबाट वञ्चित हुन परेको छ ।

घरनजिकै टावर बने पनि सञ्चालन नभएकाले अर्घाखाँचीको टावरको भर पर्नुपरेको मल्लरानी गाउँपालिका २ चुजाका बलबहादुर केसीले गुनासो गरे । सरुमारानी गाउँपालिकाका केही ठाउँमा नेटवर्कले काम नगर्दा नागरिकले गुनासो गर्ने गरेको पालिका अध्यक्ष भग बहादुर विश्वकर्माले बताए ।

नेपाल टेलिकमले भने विद्युत् लाइन जडानको समस्याले टावरहरू समयमै सञ्चालनमा ल्याउन नसकेको बताएको छ । विद्युत् आपूर्तिको समस्या देखिएका केही टावरहरू समयमै सञ्चालन हुन नसकेको नेपाल टेलिकम प्यूठान बिजुवार शाखा प्रमुख निराजन श्रेष्ठले बताए ।

जिल्लामा नेपाल टेलिकमका ४० वटा टावरहरू सञ्चालनमा छन् । सञ्चालन भइरहेका नेपाल टेलिकमका टावरहरूमा समेत ब्याट्री ब्याकअपको समस्या छ । लाइन जाँदा नेटवर्कको समस्या हुने गरेको स्थानीयले गुनासो गर्दछन् । समयमै मर्मत नहुने स्थानीय बताउँछन् ।

विपद्को समयमा विद्युत् लाइन सँगै फोनको नेटवर्क समेत जाँदा अत्यावश्यक सूचनाबाट वञ्चित हुनुपरेको गौमुखी गाउँपालिका अर्खाका स्थानीय मित्र थापाले बताए ।

नेपाल टेलिकमको टु जि र फोर जि सेवा बजारमै मात्र सीमित भएको प्यूठान नगरपालिका ६ माझकोटका स्थानीय मधुसूदन पोखेलले बताए ।

जिल्लामा ७० प्रतिशत टेलिफोन प्रयोगकर्ता नेपाल टेलिकमका ग्राहक रहेको बताउने उक्त संस्थाले चुस्त सेवा प्रवाहमा ध्यान नदिएको जिल्लावासीको गुनासो छ ।

## छोटकरी

# गन्धर्व समाज प्यूठानको अध्यक्षमा ध्रुव गन्धर्व चयन



झुलेनी पोष्ट
प्यूठान

गन्धर्व समाजको भेलाले ध्रुव गन्धर्वको नेतृत्वमा १४ सदस्यीय समिति चयन भएको छ ।

ऐरावती गाउँपालिका ५ सिन्दुरेडाँडामा शनिवार भएको पहिलो जिल्ला भेलाले चयन गरेको समितिको वरिष्ठ उपाध्यक्ष सन्त बहादुर गन्धर्व, उपाध्यक्ष पूर्ण गन्धर्व, सचिवमा अर्जुन गन्धर्व, कोषाध्यक्षमा सीता गन्धर्व, सह-सचिवमा गौरव गन्धर्व रहेका छन् । समितिको सदस्यहरूमा दुर्गा गन्धर्व, फुलमाया गन्धर्व, मधु गन्धर्व, सन्तराम गन्धर्व, निशा गन्धर्व अधिकारी, चमेली गन्धर्व र राम बहादुर गन्धर्व छन् ।

ध्रुव गन्धर्वको अध्यक्षतामा भएको भेलामा प्रमुख अतिथि ऐरावती गाउँपालिका अध्यक्ष नविल विक्रम शाह रहेका थिए । कार्यक्रममा माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारी, मल्लरानी गाउँपालिका अध्यक्ष कृष्ण बहादुर खड्का, ऐरावती गाउँपालिकाका पूर्व उपाध्यक्ष बुद्ध बस्नेत लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन अर्जुन गन्धर्वले गरेका थिए ।

# बाग्दुलामा खुल्यो नेपाली जुत्ता घर




झुलेनी पोष्ट
प्यूठान

नेपाली जुत्ता घर प्यूठान सञ्चालनमा आएको छ । प्यूठान नगरपालिका-८ बाग्दुलामा नेपाली जुत्ता घर सञ्चालनमा आएको हो । शुभ दिपावलीको अवसर पारेर सोमबार जुत्ता घरको उद्घाटन गरिएको हो । प्रतिनिधिसभा सदस्य सूर्य थापाले जुत्ता घरको उद्घाटन गरेका हुन् । नेपाली जुत्ताहरु एउटै छानामुनी उपलब्ध गराउने उद्देश्यले नेपाली जुत्ता घर प्यूठानमा स्थापना गरिएको सन्चालक विष्णु प्रताप कुवरले बताए । 'फ्याक्ट्रीबाट सिधै उपभोक्तामाझ जुत्ता उपलब्ध गराइने उनले बताए । 'सस्तो मूल्यमा गुणस्तरीय जुत्ता चप्पल खरिदको अवसर ग्राहकलाई मिल्नेछ,' उनले भने ।

# सरुमारानीमा चौथो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता उद्घाटन




झुलेनी पोष्ट
प्यूठान

सरुमारानी गाउँपालिकामा चौथो राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आइतबार उद्घाटन भएको छ । लुम्बिनी प्रदेश सभा सदस्य तुल्सीराम शर्माले प्रतियोगिताको उद्घाटन गरेका हुन् ।

प्रतियोगितामा पालिका भित्रका ९ सामुदायिक र २ संस्थागत गरी ११ विद्यालयले भाग लिएको गाउँपालिका अध्यक्ष भगबहादुर विश्वकर्माले जानकारी दिए ।उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि शर्माले विद्यार्थीहरुमा पठनपाठन सहित खेलकुद पनि आवश्यक पर्ने बताए । खेल क्षेत्रमा प्रवेश गरिसकेपछि खेलाडीमा हुनुपर्ने अनुशासनलाई ख्याल गरि खेल्न आग्रह गरेका छन् । गाउँपालिकाले विद्यार्थीहरुको पठनपाठनलाई असर नपुग्ने गरी विदाको समयमा रनिङशिल्ड गराएकोमा प्रशंसा गरेका थिए । उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रमा आचार्य, जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी प्रमुख डिएसपी दिनेश बस्याल, प्यूठान नगरपालिकाका नगरप्रमुख विष्णु बहादुर योगि लगायतले मन्तव्य राखेका थिए । कार्यक्रम आउँदो बुधबारसम्म चल्ने गाउँपालिकाले जनाएको छ । माध्यमिक तह स्तरीय प्रतियोगितामा भलिबल, कबड्डी, एथलेटिक्स, दौड, उफ्रने र फ्याक्ने गरी १६ प्रकारका खेलहरु रहेका छन् ।

# झुलेनी नेटवर्कले सञ्चार क्षेत्रमा गरेको योगदानको प्रशंसा



झुलेनी पोष्ट
प्यूठान

जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि झुलेनी युनाईटेड नेटवर्कले सञ्चार क्षेत्रबाट पुर्याएको योगदानको प्रशंसा भएको छ । झुलेनी युनाईटेड नेटवर्कद्वारा सञ्चालित रेडियो झुलेनी १)४।७ मेगाहर्ज, झुलेनी पोष्ट साप्ताहिक र झुलेनी पोष्ट अनलाइनले सञ्चार क्षेत्रबाट महत्त्वपूर्ण योगदान गरेको भन्दै संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिले प्रशंसा पत्र मार्फत सम्मान गरेको हो ।'सी' जाति अर्थात् समान जाति विषयक बृहत् अन्तरक्रिया कार्यक्रमको अवसरमा समितिले शुक्रवार बिजुवारमा प्रशंसा पत्र प्रदान गरेको हो ।कार्यक्रमका प्रमुख अतिथि नेत्रविक्रम चन्द (विप्लव सी) ले नेटवर्कका सम्पादक हरिप्रसाद भण्डारीलाई प्रशंसापत्र हस्तान्तरण गरेका थिए ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# संसदीय समितिको इतिहासकै नयाँ मानक स्थापित: सूर्य थापा




झुलेनी पोष्ट
प्यूठान

प्रतिनिधि सभा सदस्य एवं सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिका सभापति सूर्य थापाले संसदीय समितिको इतिहासकै नयाँ मानक स्थापित भएको बताएका छन् ।

झुलेनी युनाईटेड नेटवर्कको विशेष संवाद कार्यक्रममा कुरा गर्दै थापाले संसदीय छानबिन विशेष समितिको अध्ययन, अनुसन्धान र कार्यान्वयन प्रक्रियाले नयाँ मानक स्थापित गरेको बताए ।

संसदीय छानबिनको दायरा, मानक र अभ्यासको इतिहासलाई बदलेर नयाँ इतिहास स्थापित गर्ने गरी प्यूठानी जनताको प्रतिनिधिको रूपमा काम गर्ने अवसर प्राप्त भएको बताउँदै थापाले समितिको प्रतिवेदन कार्यान्वयनमा सत्तापक्ष र प्रतिपक्षका सबै दलहरू एक ठाउँमा रहेको बताए ।

प्यूठान जिल्लाको विकासको प्रसङ्गमा सोधिएको प्रश्नमा जवाफ दिँदै थापाले विभिन्न सडक सञ्जालहरूको स्तरोन्नति र विस्तारका विभिन्न काम भइरहेको र भालुवाङ्ग प्यूठान सडक खण्डको विस्तारलाई प्राथमिकता दिइएको बताए ।

यसअघि सम्बन्धित पूर्वाधार मन्त्री र अर्थमन्त्रीले प्रतिबद्धता बमोजिम काम नगरेको र पुनः अर्थमन्त्रीसँग भेट गरी भालुवाङ(प्यूठान सडक विस्तारमा आवश्यक पहल गर्ने उनले बताए ।

## लुम्बिनी सरकार.....

रहेका छन् । नयाँ भवनको निर्माण सम्पन्न भएर सरकारलाई हस्तान्तरण भएपछि सबै मन्त्रालय, निर्देशनालय प्रदेश सरकारका सबै संरचना एउटा हाताभित्रबाट सेवा प्रवाह गरिने भौतिक पुर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताए । हाल बुटवलमा रहेको प्रदेश प्रमुखको कार्यालय, निर्देशनालय सबै देउखुरीमा सारिनेछ ।

नौ वटा मन्त्रालय, महान्याधिवक्ताको कार्यालय, प्रदेश योजना आयोग, मुख्यमन्त्री निवासलाई, उपसभामुख आवास, प्रमुख सचिव, संसदीय दलका कार्यालयलाई शिक्षालयकै भवनमा एक तला थपेर मर्मत तथा सुधार गरेपछि काम सञ्चालन गरिएको छ । भवनलाई छिटो सम्पन्न गर्न लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले निगरानी गरिरहेका छन् ।

**यस्तो बन्दैछ भवन**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय ९६ कोठा सहित छ तलाको हुनेछ । त्यसमा प्रमुख सचिव कार्य कक्षसहित सानो मिटिङ हल र एउटा मल्टी प्रपोज हल बन्नेछ । त्यसमा दुई वटा लिफ्ट रहेनछन् । भुइँतला अपांगमैत्री हुनेछ । अन्य नौ वटा मन्त्रालय भवन ५ तला र ५४ कोठा सहित सबैमा अन्डरग्राउण्ड पार्किङको व्यवस्था रहेको छ । भुइँतला अपांगमैत्री र अरु तलामा लिफ्टसहित एचभीएसी सुविधा सम्पन्न कोठा हुनेछन् ।सबै मन्त्रालय वरपर बगैंचा सजाइनेछ । यसरी मण्डला आकारमा निर्मित मन्त्रालय भवनले मुलुकका ७ प्रदेश भन्दा लुम्बिनीको छुट्टै पहिचान सहित आधुनिक, नमूना र फरक पहिचान स्थापित गर्ने इकाईका इन्जिनियर भट्टराईले बताए ।राजधानीका प्रशासनिक संरचनाभित्र ११ सय मिटर बाटोसहित आन्तरिक सडक सञ्जाल हुनेछ । यसले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालयमा सहज सेवाको लागि यसरी संरचना र सडक सञ्जालले जोड्न खोजिएको छ । सडकको चौडाइ नाली र फुटपाथसहित १० मिटरको हुनेछ । सबै मन्त्रालय आउजाउ गर्न सहज पैदलमार्ग हुनेछन् ।

## अलैंची.......

निमित्त कार्यालय प्रमुख उमेशचन्द्र श्रेष्ठ बताउँछन् । उनका अनुसार जिल्लाको गौमुखी गाउँपालिका र नौबहिनी गाउँपालिकाका गाउँहरुमा करिव २० हेक्टर क्षेत्रफलमा अलैचि खेती गरिँदै आएको छ । २० हेक्टर क्षेत्रफल मध्ये ५ हेक्टर क्षेत्रफलबाट करिव ३ दशमलव ५ मेट्रिकटन उत्पादन हुने गरेको छ । सरकारले केही वर्ष देखि अलैची खेतीका लागि कार्यक्रमहरु गरेपनि यस वर्ष कार्यालयको कुनै कार्यक्रम छैन् ।

'व्यवसायीक उत्पादन नहुँदा कुनै बजारीकरणको कार्यक्रम छैन्' श्रेष्ठले भने,'बजारीकरण किसानले आफै गरेका छन् । रोग लागेर कुहिने समस्यामा केही सहयोग गरेका छौं ।' १५ हेक्टर क्षेत्रफलमा रहेका बोटहरु थपिँदा बजारको थप आवश्यकता पर्ने हुन्छ तर बजार खोजीमा कुनै सरकारको भूमिका नदेखिदा अलैंची किसान निरास बन्दै गएका छन् । जिल्लामा उत्पादन भएको अलैंचीको मूख्य बजार नेपालगञ्ज हो । भारतीय व्यापारिले मुल्य नै नदिने समस्या भएको जडिवुटी व्यवसायी संघ प्यूठानका उपाध्यक्ष तथा अलैंसी किसान रुमान सिंह कुवरले बताए । गुणस्तरका हिसाबले नेपाली अलैंची धेरै राम्रो मानिए पनि बिक्रीका लागि भारतीय व्यापारीको मुख ताक्नु पर्ने बाध्यता छ । धेरै आम्दानी दिने देखेर यसको खेतीतर्फ आकृषित जिल्लाका किसान मूल्य स्थिर नहुने समस्याले भने निराश छन् ।

# बालिकाको उपचार खर्च जुटाउन कठिनाइ

झुलेनी पोष्ट
प्यूठान

अरिङ्गालले लखेट्दा लडेर खुट्टा भाँचिएकी ऐरावतकी गाउँपालिका ३ अर्जामकी १३ वर्षीय बालिका पवित्रा परियारको उपचार खर्च जुटाउन कठिनाइ भएको छ ।

कार्तिक ८ गते साँझ पवित्रा गाउँमै क्रिकेट खेल हेर्न गएकी थिइन । सोही क्रममा अरिङ्गालले लखेट्दा भाग्ने क्रममा लडेर उनको दायाँ खुट्टा भाँचिएको थियो । आर्थिक अभावका कारण उनको उपचार खर्च तिर्न कठिनाइ भएको उनका आफन्त प्रमेस परियारले बताए ।

बालिकाको दायाँ खुट्टाको गोलिगाँठो भन्दा माथिको भागमा २ ठाउँबाट भाँचिएको उपचारमा संलग्न हाड जोनी तथा नसा रोग विशेषज्ञ चिकित्सक मदन ज्ञवालीले बताए । हाल बालिकालाई बुटवलको चौराहा अस्पतालमा राखिएको छ । बुवा गुमाएकी पवित्राको आइतबार खुट्टाको अपरेसन गरी रड राखिएको हो ।




उनको उपचार खर्च १ लाख भन्दा बढी आएको अस्पताल श्रोतले जनाएको छ । उक्त रकम नभएपछि परिवारले सहयोगको याचना गरेका छन् ।

पैसा नहुँदा अस्पतालसँग उधारो राखेर उपचार गरिएको परिवारले जनाएको छ । आर्थिक अवस्था कमजोर रहेकी पवित्राको घरमा एक्ली आमा छिन । उनका एउटा दाइ बुवाको मृत्यु भएपछि लागेको ऋण तिर्न भारतमा काम गर्न गएको परिवारले जनाएको छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ, प्यूठान**

- चैते धान खेति बिस्तार गरी तीन खेती गरौं,
- चाक्लाबन्दीमा खेती गरी उत्पादकत्व बढाऔं
- निर्वाहमूखी नभई व्यवसायिक उत्पादनमा जोड दिऔं
- प्राविधिक सल्लाह विना जथाभावी बिऊको प्रयोग, विषादीको प्रयोग नगरौं
- बेमौसमी तरकारी तथा फलफुल खेती गरी आम्दानीका श्रोतको वृद्धि गरौं

**चुमान सिंह गिरी**
**कार्यालय प्रमुख**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
**जिल्ला हुलाक कार्यालय**
**प्यूठान**

**हाम्रा सेवाहरु :**

- **डाँक सेवा** - नेपालबाट विभिन्न २९ स्थानहरुमा डाक ढुवानी सेवा संचालनका रहेका छन् ।
- **द्रुत डाँक सेवा (ems)** - विश्वका सम्पूर्ण देशहरुमा संचालनमा रहेको हवाइ EMS सेवा आन्तरिक तर्फ २८ जिल्लामा हवाई EMS सेवा लिन सकिने छ ।
- **पुलिन्दा सेवा (Pareel )** - नेपल भित्र र बाहिर ढुवानी सम्झौता भएका २९ देशमा पार्शल सेवा संचालनमा रहेको छ ।
- **बैदेशिक हुलाक सेवा** -कतार ,स्येन ,इन्डोनेशिया ,जापान ,अमेरिका ,भारत लगायतका देशहरुमा हुलाक वस्तु पठाउने ।
- **पोष्टबक्स सेवा** - गोश्वारा हुलाक कार्यालय बाट नयाँ पोष्ट बक्स दर्ता तथा पोष्टबक्स नविकरण गर्न सकिने ।
- घम्ती सेवा - काठमाडौ उपत्यका भित्र हुलाक वस्तुको दर्ता तथा वितरण कार्य हुँदै आएकाले उक्त सेवा लिन सकिने ।
- **सामान ढुवानी सेवा** - विभिन्न संघ संस्थासँग सम्झौता गरी देशैभर ढुवानी कार्य भइरहेको ।

**कार्यालय प्रमुख : लाल बहादुर वली**

# प्यूठानमा भैरव नाच प्रदर्शन



भुलेनी पोष्ट
प्यूठान

नेवार समुदायको परम्परागत भैरव नाच प्यूठानमा प्रदर्शन गरिएको छ।

लायन्स क्लब अफ प्यूठानको आयोजना र प्यूठान नगरपालिका वडा नम्बर ३ र ४ को सहयोगमा लातेबाज भैरव समाज भुमिकास्थान नगरपालिका-८ अर्घाखाँची को टोलीले नेवारी समुदायमा प्रचलित भैरव नाच प्रदर्शन गरेको हो।

ीकृष्ण जन्माष्टमीको दिन सुरु गरी कार्तिक औँसीसम्म रातीको समयमा नाचिने भैरव नाच मङ्गलवार राती प्यूठान नगरपालिका-३ जुम्री बसपार्कमा प्रदर्शन गरिएको लायन्सका सल्लाहकार अर्जुन कुमार कक्षपतिले जानकारी दिए। प्यूठानमा नेवारी समुदायको बाक्लो बस्ती भए पनि यो नाच नाचिँदैन। 'नेवारी समुदायमा प्रचलित नाचको संरक्षण गरी पर्यटन प्रवर्द्धनका लागि प्यूठानमा भैरव नाचको आयोजना गरेका हौँ', कक्षपतिले भने।

भैरव नाच अर्घाखाँचीका नेवार समुदायको मौलिक नाच रहेको लातेबाज भैरव समाजका संयोजक राज कुमार श्रेष्ठले बताए। सात ताल (पटक) सम्म नाचिने भैरव नाचको एउटा ताल सामान्यतया २० मिनेटको हुन्छ। बिचमा छोटो विश्रामपछि पुनः सुरु हुन्छ। यसमा कालभैरव मुख्य हुन्छ। श्वेत भैरव र रक्त भैरव सहायक हुन्छन् भने साथमा डङ्किनी हुन्छ। तीन ओटै भैरव आफ्नो भूमिका अनुसारका रङमा ख्वापः (खप्पर), कपडा, चमर (चौँरी गाईको पुच्छर), मालासहित शृङ्गार गरी भगवानको विशाल आकृति निर्माण गरिने श्रेष्ठले बताए। भैरवलाई आकर्षक बनाउन समयसापेक्ष शृङ्गार सामग्रीको प्रयोग गरिन्छ। यसपछि तान्त्रिक विधिबाट पूजा गरी नाच सुरु गरिन्छ। बाजा बजाउनेहरू मुख्य रूपमा नेवार समुदायकै भए पनि सहायक वाद्यवादनमा अन्य जातजातिका पनि सहभागी हुन्छन्। यसले जातीय सद्भावलाई झल्काउँछ।

यसमा मुख्य गरी मृदङ्ग, झ्याली, झुर्मा, कर्नाल, बाँसुरी, सनही बाजा वाद्यवादन प्रयोग गरिन्छ। भैरव नाचलाई रोचक बनाउन लौरा नाच, बच्छे नाच, घोडा नाच, चरानाच, लाहुरे लाहुरेनी नाच, लाटा लाटी नाच नाचिन्छ। पछिल्लो समय प्यूठानको खलङ्गा, अर्घाखाँची, गुल्मी, रुपन्देहीमा भैरव नाच प्रदर्शनका लागि पुग्ने गरेको समेत श्रेष्ठले जानकारी दिए। श्रेष्ठका अनुसार नेवार समुदाय भएका स्थानहरूमा आमन्त्रण गर्ने र प्रदर्शनका लागि लातेबाज भैरव समाज पुग्ने गरेको छ। मल्लरानी गाउँपालिका-४ को आयोजनामा प्यूठानको खलङ्गामा असोज १६ गते जिल्लामा पहिलो पटक प्रदर्शन गरिएको थियो। भैरव नाच लुम्बिनीका अर्घाखाँची, पाल्पा, गुल्मी क्षेत्रमा लोकप्रिय छ।

## बीमा लेख हराएको सूचना

प्यूठान जिल्ला प्यूठान नगरपालिका वडा नं. ४ बिजुवार निबासी म टिका के.सी.को रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लि.द्धारा 20 November 2018 मा जारी गरीएको विमा लेख नम्बर १००००००४०२३ भएको बिमा लेख २०८१ असोज २२ गते बाढीमा परी हराएकोले भेटाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी/ रिलायवल नेपाल लाइफ इन्स्योरेन्स लि. शाखा वा तपशिलको नम्बरमा सम्पर्क गरी दिनुहुन अनुरोध छ।

**सम्पर्कका लागिः**

टिका के.सी.
सम्पर्क नं. ९८४७९६४२५८
ठेगानाः प्यूठान नगरपालिका-४ बिजुवार, प्यूठान

## प्राईभेट तथा साझेदारी फर्म दर्ता, नविकरण र खारेजी सम्बन्धी अत्यन्त जरुरी सूचना

लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा १२ अनुसार, प्राईभेट तथा साझेदारी फर्मको दर्ता, नविकरण र खारेजी सम्बन्धी देहाय बमोजिम विशेष व्यवस्था रहेको हुँदा यस कार्यालयमा दर्ता रहेका जिल्ला स्थित सम्पूर्ण उद्यमी/व्यवसायीहरु तथा सम्बन्धीत सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

विशेष व्यवस्थाः आर्थिक ऐन, २०८१ दफा १२

१. आ.व. २०७८/७९ सम्म वार्षिक विवरण नबुझाएका तथा नविकरण नगरी संचालनमा रहेका वा दर्ता भई संचालनमा नरहेका प्राईभेट तथा साझेदारी फर्मले संवत २०८१ साल चैत्र मसान्तभित्र विवरण सहित नविकरण बा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाने नविकरण शुल्क र जरिवाना रकमको पाँच प्रतिशत (५%) ले हुन आउने रकम दाखिला गरेमा बाँकी शुल्क वा जरिवाना मिनाहा गरी नविकरण वा दर्ता खारेज गरिनेछ।

२. आ.व. २०८१/०८२ मा लघु, घरेलु तथा साना उद्योगलाई दर्ता गर्दा प्रचलित व्यवस्था अनुसार लाग्ने अन्तिम दर्ता शुल्कको ५० प्रतिशत छुट दिई दर्ता गरिनेछ।

पुनश्चःआवश्यक कागजात दर्ता प्रमाण पत्रको सक्कल प्रति र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।

**घरेलु तथा साना उद्योग कार्यालय**
**खलंगा, प्यूठान**


# लक्ष्मी ट्रेडर्स



प्यूठान न.पा ४ जुम्री प्यूठान

सम्पर्क :
०८६-४६०६४१
९८५७८२०६८२
९८४४१०९६७०
प्रो. बद्री श्रेष्ठ




हामी कहाँ सिमेन्ट, सरिया, इटा, जि आइ, पि बीसी, एच जि पी, पाइप, पाइप फिटिङ्ग, कर्कट पाता, ट्वाइलेट तथा बाथरुम फिटिङ्ग, पानी टंकी रंग रोगन र प्लास्टिक पेन्ट पनि पाइन्छ।

# प्लास्टिकका मालामा रोक लगाउँदा पुष्प व्यवसायी खुसी

**बिबश जि.एम.**
प्यूठान

स्थानीय तहले प्लास्टिकका पुल र मालाहरूमा रोक लगाएपछि स्थानीय पुष्प व्यवसायी खुसी भएका छन् । जिल्लाका चार स्थानीय तहमा प्लास्टिकका फूल र माला विक्रीमा रोक लगाइएको छ ।

माण्डवी गाउँपालिका, स्वर्गद्वारी नगरपालिका, गौमुखी गाउँपालिका र प्यूठान नगरपालिकाले प्लास्टिकका फुल र माला प्रयोग तथा बेचबिखन नगर्न सूचना जारी गरेका छन् । भने, नौबहिनी गाउँपालिकाले स्थानीय प्राकृतिक फुल प्रयोग गर्न अनुरोध गरेको छ ।

चाडपर्वमा प्लास्टिकका माला प्रयोगले पर्वको गरिमा र मानव स्वास्थ्यलाई राम्रो नगर्नुका साथै स्थानीय पुष्प व्यवसायीलाई पनि मार पर्ने हुनाले प्लास्टिकका फूल र माला विक्रीमा रोक लगाइएको माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारीले बताए ।

रोक लगाउनुका साथै माण्डवी गाउँपालिकाले फुल खेती गर्नका लागि कृषकलाई आर्थिक तथा प्राविधिक सहयोग गरेको बताए ।

माण्डवी गाउँपालिका-३ लामाचौरमा फुल खेती गर्दै आएकी चेतकला के.सी.ले पालिकाले प्लास्टिकका फूल माला प्रयोगमा रोक लगाएपछि आफूहरूलाई राहत भएको बताइन् ।

प्यूठान नगरपालिका ४ जुम्रीमा पुष्प नर्सरी गर्दै आएकी राधा अधिकारीले तिहार बाहेकको समयमा फूल विक्री नहुने गुनासो गरेका छन् । "पोहोर साल फूल विक्री नहुँदा खेर गयो, 'राधाले भनिन, त्यही भएर अहिले फूललाई केही कम क्षेत्रफलमा मात्र लगाएका छौ ।"

९ स्थानीय तह रहेको प्यूठानमा चार स्थानीय तहले प्लास्टिकजन्य फूल मालाको बिक्री वितरणमा रोक लगाएको सूचना प्रकाशन गरेका छन् । स्वर्गद्वारी नगरपालिकाले नगर क्षेत्रभित्र फूल खेती गरेका किसानको नाम, ठेगाना र सम्पर्क फोन नम्बर पनि सार्वजनिक गरेको छ ।

# नगरपालिकाले कमाएन फोहोरबाट मोहोर




**बोम बहादुर परियार**
प्यूठान

प्यूठान नगरपालिकाले फोहोरबाट १२ लाख भन्दा बढी रकम स्थानीय सँग शुल्क उठाएको छ । कोभिडको समयमा रोकिएको शुल्क समेत गरी २५ लाखको लक्ष्य राखिएकोमा १२ लाख ५० हजार ४ सय ५० रुपैयाँ राजस्व सङ्कलन गरेको राजस्व शाखा प्रमुख वर्षा पाण्डेले बताइन ।

कोभिडको कारणले रोकिएको शुल्क समेत गरी गत आर्थिक वर्षमा यो राजस्व सङ्कलन गरेको हो ।

नगरपालिकाले फोहोर उठाएबापत बजार क्षेत्रका प्रत्येक घर बाट एक सय रुपैयाँ शुल्क लिने गर्दछ । उक्त रकम क्वाडि जुम्री र बिजुवार बजार क्षेत्रबाट उठेको नगरपालिकाले जनाएको छ । बाग्दुला, खप्रेङखोला,दम्ती र मरन्ठाना बजार क्षेत्रबाट रकम उठ्न बाँकी रहेको शाखा प्रमुख पाण्डेले बताइन् ।

प्यूठान नगरपालिकाले फोहोर व्यवस्थापनको दिगो समाधानका लागि वैकल्पिक स्थान अध्ययन गरिरहेको प्यूठान नगरपालिकाका मेयर विष्णुबहादुर योगीले बताए । फोहोर व्यवस्थापनका लागि नगरपालिकाले वार्षिक ६ लाख रुपैयाँ बजेट विनियोजन गर्दै आएको छ । तर, नगरपालिकाको फोहोरबाट मोहर आम्दानी गर्न भने सकेको छैन । अहिले पुरानै ठाउँबाट फोहोर व्यवस्थापन गरिँदै आएको छ । थप अरू ठाउँहरूमा पनि डम्पीङ साइड अवलोकन गरिएको योगीले बताए । निश्चित ठाउँ,दक्ष प्राविधिक र श्रोतको अभावका कारण पोहोर व्यवस्थापन गरेर आम्दानी गर्न नसकिएको मेयर योगीले बताए । प्यूठान नगरपालिकाले फोहोर व्यवस्थापनको लागि दैनिक एउटा टिप्पर सञ्चालन गर्दै आएको छ ।

फोहोर व्यबस्थापनकालागि ३ जना कर्मचारी खटाएको वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्रमुख दिनेश केसीले बताए । नगरपालिकाले बिहान ६ बजे देखी दिउँसो २ बजेसम्म फोहोर सङ्कलन गरिँदै आएको नगरपालिकाले जनाएको छ ।

गाउँपालिकाबासीलाई अनुरोध

● मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
● काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
● बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
● मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

अनुरोधक :
नौबहिनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय बाहाने, प्यूठान

नगरपालिकाबासीलाई अनुरोध

● बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं
● आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
● त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न, ब्यापार व्यवसाय प्रारम्भ गर्न, सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न, स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।
त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय भिंगू, प्यूठान

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,
● शरिरका विभिन्न अंगमा क्षति पुऱ्याउने
● मुटु र मिर्गौलाले काम नगर्ने,
● अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउछ ।
त्यसैले मधुमेहबाट बच्न,
● शरीरको तौल सन्तुलित राखौं,
● चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
● पेय पदार्थ, जंक फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
● धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
● रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
● प्रशोधित खानाहरु नखाऔं,
● तनाब व्यवस्थापन गरौं,
● नियमित स्वास्थ्य परिश्वाण गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ती (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन :०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : हाम्रो एकता प्रकाशन गृह, जुम्री ,प्यूठान